# भ्रूण प्रश्न कवितासङ्ग्रहमा छन्दोविधान

गिरिराज खतिवडा
उपप्राध्यापक
पिण्डेश्वर विद्यापीठ, धरान।
**khatiwada.gr84@gmail.com**

https://doi.org/10.3126/gyandeep.v11i01.96618

## लेखसार

प्रस्तुत लेख टीका आत्रेयद्वारा रचना गरिएको भ्रूण प्रश्न कवितासङ्ग्रहका छन्दहरूको विश्लेषणमा केन्द्रित गरिएको छ। भ्रूण प्रश्नका सबै कविताहरू छन्दमा लेखिएका छन्। भ्रूण प्रश्न कवितासङ्ग्रहमा कुन कुन छन्दको प्रयोग भएको छ भन्ने कुराको अध्ययन र विश्लेषणमा यो लेख केन्द्रित छ। यसमा अनुष्टुप्, उपजाति (उपेन्द्रवज्रा+इन्द्रवज्रा), मालिनी, शिखरिणी, शार्दूलविक्रीडित, पञ्चचामर, स्रग्धराजस्ता समपादात्मक वार्णिक छन्द रहेका छन् । छन्दोगत विविधता यस कवितासङ्ग्रहको विशेषता बनेको छ। कवितासङ्ग्रहमा प्रयोग भएका छन्दहरूले छन्दशास्त्रीय नियमलाई पालना गरेको देखिन्छ। यस कवितासङ्ग्रहमा प्रयुक्त छन्दहरु काव्यसौन्दर्यका सिर्जनामा अनुकूल रहेका छन् भन्ने निष्कर्ष प्रस्तुत लेखको विश्लेषणबाट निकालिएको छ। भ्रूण प्रश्न कविता सङ्ग्रहमा छन्दका सैद्धान्तिक अङ्डहरूको प्रयोग भएको पाइन्छ। काव्यसौन्दर्यका दृष्टिले यो निकै महत्त्वपूर्ण छ। यस कवितासङ्ग्रहमा पनि पद्यको प्रयोग छ। भ्रूण प्रश्न कवितासङ्ग्रहभित्र प्रयोग भएका छन्दहरू विवेचनीय देखिन्छन्। त्यसैले भ्रूण प्रश्न कविता सङ्ग्रहको छन्दसौन्दर्यलाई औंल्याउनु यस अध्ययनको विषय रहेको छ।

*शब्दकुञ्जिका :* छन्द, लय, विषमपादात्मक, शिष्टपरम्परा, समपादात्मक।

## विषयपरिचय

भ्रूण प्रश्न कवितासङ्ग्रह वि.सं.२०७७ सालमा प्रकाशित भएको हो। यसभित्रका कवितामा प्रयोग भएका छन्दहरूका विषयमा हालसम्म छुट्टै अध्ययन भएको देखिँदैन। यस सङ्ग्रहका कवितामा प्रयोग भएका छन्दका विषयमा माधवप्रसाद पोख्रेलले सङ्ग्रहको बाहिरी पृष्ठमा टीका आत्रेय छन्दवादी कविका पङ्क्तिमा रहेको चर्चा गरेका छन्। भ्रूण प्रश्न कवितासङ्ग्रहकै बाहिरी पृष्ठमा महेश पौड्यालले टीका आत्रेयका कविताको विश्लेषण गर्दै उनका कविताहरू छन्द शास्त्रीय दृष्टिले पछिल्ला समयमा पाठकको मन जित्न सफल रहेको चर्चा गरेका छन्। यसका अतिरिक्त भ्रूण प्रश्न कवितासङ्ग्रहका विषयमा विभिन्न ठाउँमा भएका चर्चा परिचर्चामा प्रासङ्गिक रूपमा छन्दोविधानका बारेमा चर्चा गरिएको पाइन्छ। यस्ता अध्ययनहरू केवल प्रसङ्गअनुसार आएका भए तापनि कवितासङ्ग्रहको छन्दविधानलाई नै केन्द्रीय विवेच्य वस्तु बनाइएका अध्ययन भने होइनन्। त्यसैले छन्दविधानमै केन्द्रित भई गरिएको प्रस्तुत अध्ययनमा छन्द विधानका दृष्टिले भ्रूण प्रश्न कविता सङ्ग्रहको अध्ययन गरिएको छ।

यस अध्ययनमा भ्रूण प्रश्न कवितासङ्ग्रहका कवितामा के कस्ता छन्दको प्रयोग भएको छ भन्ने मूल प्रश्न बनाएर त्यसको समाधान खोजिएको छ। काव्य सौन्दर्यका रूपमा रस, गुण, अलङ्गार आदि तत्त्व प्रसिद्ध छन्। पद्य काव्यमा छन्द पनि एक संरचनागत सौन्दर्य हो। अन्य काव्यसौन्दर्यको चर्चा नगरी छन्दसौन्दर्यको मात्र अध्ययन गर्नु यस अध्धयनको सीमाङ्कन रहेको छ। भ्रूण प्रश्न कवितासङ्ग्रहको छन्दसौन्दर्यलाई नै भिन्न विषय बनाएर यस पूर्व अध्ययन गरेको देखिँदैन। यसका अतिरिक्त अन्वेषक र जिज्ञासुहरूका लागि यो अध्ययन उपयोगी हुने भएकाले यसको औचित्य स्वतः स्पष्ट हुन्छ।

## अध्ययनविधि

प्रस्तुत अध्ययनमा भ्रूण प्रश्न कवितासङ्ग्रहका कवितामा के कस्ता छन्द प्रयोग भएका छन् भन्ने प्रश्नको समाधानका लागि पुस्तकालयीय स्रोतबाट सामग्री जुटाइएको छ। भ्रूण प्रश्न कवितासङ्ग्रह प्रकाशित भएका प्राथमिक सामग्रीका रूपमा लिइएको छ भने छन्दशास्त्रीय मूल ग्रन्थ र भ्रूण प्रश्न कवितासङ्ग्रहसम्बन्धी भएका

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान।*

समीक्षाहरूलाई द्वितीयक सामग्रीका रूपमा लिइएको छ । यसमा विषयगत विश्लेषण गर्दा गुणात्मक र परिमाणात्मक ढाँचालाई आत्मसात् गरिएको छ ।

**सैद्धान्तिक अवधारणा**

पूर्वीय छन्दशास्त्रीय सिद्धान्तलाई यस अध्ययनको सैद्धान्तिक आधार मानिएको छ । "छन्द लय हो । व्यापन अर्थको छदि धातु र आह्लादन अर्थको चदि धातुबाट छन्द शब्दको निर्माण हुन्छ । छदि धातुबाट निष्पन्न छन्द शब्दले लयात्मक झङ्गारद्वारा वाङ्मय जगत्लाई व्याप्त गर्नु भन्ने र चदि धातुबाट निष्पन्न छन्द शब्दले तल्लयताको सिर्जना गर्दै श्रोताका हृदयमा आह्लाद पैदा गर्नु भन्ने अर्थ दिन्छ । छन्द शब्द यी दुवै अर्थमा प्रयुक्त हुन्छ । पाणिनीय शिक्षाअनुसार वेदका छ अङ्ग मध्ये छन्दलाई चरण वा पाउ मानेको पाइन्छ । वैदिक वाङ्मयमा जसरी छन्दको महत्ता स्थापित छ, त्यसरी नै लौकिक वाङ्मयमा पनि त्यो महत्ता अक्षुण्ण रहेको देखिन्छ" (घिमिरे, २०८१, पृ. ११५) ।

छन्दरहित वाङ्मयस्वरूपलाई गद्य र छन्दोबद्ध वाङ्मयस्वरूपलाई पद्य भनिन्छ । छन्दका चार पाउबाट एउटा पद्य बन्दछ । त्यसैले पद्य काव्यको आधारभूमि भनेको छन्द नै हो । संस्कृत वाङ्मयका वैदिक वाङ्मय संस्कृतमा प्रचलित छन्दलाई वैदिक छन्द र लौकिक संस्कृतमा प्रचलित छन्दलाई लौकिक छन्दका रूपमा वर्गीकरण गरी अध्ययन गर्न उपयुक्त देखिन्छ । लौकिक छन्द वर्णमात्रिक र मात्रिक गरी दुई प्रकारको हुन्छ । प्रतिपाउ अक्षरको सङ्ख्या र लघुगुरुका क्रमको नियम भएको छन्द वर्णमात्रिक हो भने मात्राका सङ्ख्याको मात्र गणना हुने छन्द मात्रिक हो । वर्णमात्रिकलाई वर्णवृत्त र मात्रिक छन्दलाई जाति नामले पनि चिनिन्छ । शालिनीजस्ता अनेक छन्दहरू वार्णिक अर्थात् वर्णवृत्त अन्तर्गत पर्दछन् भने आर्याजस्ता छन्दहरू मात्रिक अथवा जातिवृत्त अन्तर्गत पर्दछन् । वार्णिक छन्दका समपाद, विषमपाद र अर्धसमपाद गरी तीन भेद छन् । जसका चार पाउ समान हुन्छन्, त्यस छन्दलाई समपाद भनिन्छ । जसका प्रथम पाउ र तृतीय पाउ समान छन् तथा द्वितीय र चतुर्थ पाउ समान छन् भने त्यसलाई अर्ध समपाद भनिन्छ । यसै गरी चारै पाउ एकअर्कामा भिन्न हुनेलाई विषमपाद भनिन्छ (घिमिरे, २०८१, पृ. ११६) ।

समपादवृत्तलाई विभिन्न वर्गमा विभाजन गरिएको देखिन्छ । छन्दोमञ्जरीमा उल्लेख भएअनुसार एक अक्षरको एकपाउ भएका श्री जस्ता छन्दलाई उक्था, दुई अक्षरात्मक पाउका छन्दलाई अत्युक्था, तीन अक्षरात्मक पाउ भएका नारी जस्ता छन्दलाई मध्यमा, चार प्रतिष्ठा, पाँच सुप्रतिष्ठा, छ गायत्री, सात उष्णिक, आठ अनुष्टुप, नौ बृहती, दश पङ्क्ति, एघार त्रिष्टुप, बाह्र जगती, तेह्र अतिजगती, चौध शर्करी, पन्ध्रध्र अतिशर्करी, सोह्र अष्टि, सत्र अत्यष्टि, अठार धृति, उन्नाइस अतिधृति, बिस कृति, एक्काइस प्रकृति, बाइस आकृति, तेइस विकृति, चौबीस संस्कृति, पच्चिस अतिकृक्ति, छब्बिस उत्कृक्ति । यसरी एकाक्षरीदेखि छब्बिस अक्षरीसम्मका समपाद वृत्तलाई साधारण वार्णिक छन्द भनिन्छ भने २६ भन्दा बढी अक्षर भएका वार्णिक छन्दलाई दण्डक भनिएको पाइन्छ । दण्डकलाई पनि विभिन्न प्रकारले वर्गीकरण गरिएको देखिन्छ (छन्दोमञ्जरी, १/१५–१८) ।

***छन्दको विधान***

समस्त वाङ्मयजगत्लाई शास्त्र, काव्य, शास्त्रकाव्य र काव्यशास्त्र गरी चार भागमा बाँडेर तिनमा छन्दको प्रयोग कस्तो हुनुपर्छ भनी काव्यशास्त्री क्षेमेन्द्रले आफ्नो धारणा प्रस्तुत गरेका छन् । काव्यका सबै अङ्गका लक्षण प्रस्तुत भएको वाङ्मयस्वरूपलाई शास्त्र भनिन्छ भने अलङ्कारयुक्त विशिष्ट शब्दार्थका साहित्यलाई काव्य भनिन्छ । यसैगरी धर्म, अर्थ, काम र मोक्षसम्बन्धी कल्याणकारी विभिन्न उपदेश गरिएको वाङ्मयस्वरूपलाई शास्त्रकाव्य भनिन्छ । विशेष शास्त्रको ज्ञान गराउन रचिएको भट्टिकाव्य आदिलाई काव्यशास्त्र भनिन्छ (सुवृत्तितिलकम्, ३–२–४) । यीमध्ये सबैलाई सुबोध्य होस् भन्ने उद्देश्यले अर्थ सुस्पष्ट हुने गरी शास्त्रमा प्रयत्नपूर्वक अनुष्टुप् छन्दको प्रयोग गर्नुपर्दछ (सुवृत्तितिलकम्, ३–६) । शास्त्रकाव्यमा लामालामा छन्दहरूको प्रयोग उपयुक्त हुँदैन एवम् काव्यशास्त्रमा रसानुकूल छन्दहरूको प्रयोग वाञ्छनीय हुन्छ (सुवृत्तितिलकम्, ३–८) ।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

वाङ्मयका उपर्युक्त चार भेदमध्ये काव्यमा चाहिँ छन्दका भेद उपभेदहरूको प्रयोग वर्ण्य विषय र रसको अनुकूल हुने गरी गर्नुपर्दछ भनी क्षेमेन्द्रले आफ्नो धारणा व्यक्त गरेका छन् (सुवृत्तितिलकम्, ३–७) । अर्थात् शास्त्र, काव्य र काव्यशास्त्रका जानकारहरूले सबै छन्दहरूको प्रयोग रस र वर्ण्य विषयअनुसार गर्नुपर्दछ । जसरी दोषरहित तथा सूत्रगुम्फित वर्तुलाकार मोतीको हार यथोचित स्थानमा परिरहँदा शोभाकारक हुन्छ, त्यसरी नै निर्दोष गुणवान् सुन्दर छन्दको प्रयोगले प्रबन्ध अत्यन्त शोभायमान र सुन्दर हुन्छ भन्ने क्षेमेन्द्रको धारणा रहेको छ ।[1] क्षेमेन्द्रका यस धारणाले छन्दको सौन्दर्यमूलक महत्तालाई स्पष्ट पारेको छ । वास्तवमा छन्दले काव्यमा सरसता पैदा गर्छ, लालित्य जन्माउँछ, प्रवाहमयताको सिर्जना गर्छ, रोचकता बढाउँछ र मधुरता प्रवाहित गर्छ । विषयस्मरणलाई छन्दले सरल बनाउँछ । मानवहृदयमा भावोद्वेलन प्रभावउत्पादन गर्न सहयोग गर्छ । भावानुमूल सौन्दर्यका निर्माणमा छन्द धेरै सहयोगी हुन्छ ।

## परिणाम र छलफल

भ्रूण प्रश्न कवितासङ्ग्रहमा जम्मा नौवटा छन्दको प्रयोग भएको देखिन्छ । नौवटा मध्ये अनुष्टुप्, उपजाति (उपेन्द्रवज्रा+इन्द्रवज्रा), मालिनी, शिखरिणी, शार्दूलविक्रीडित, पञ्चचामर, स्रग्धरा द्रुतविलम्बित र इन्दिरा छन्दको सैद्धान्तिक परिचयसहित यस कवितासङ्ग्रहमा यिनको प्रयोगको अवस्थालाई यहाँ अध्ययन गरिएको छ ।

### अनुष्टुप्

अनुष्टुप् एक छन्दवर्ग र त्यही छन्द वर्गभित्रको छन्दविशेष पनि हो । अनुष्टुप् नाउँका छन्दवर्गअन्तर्गत प्रतिपाउ आठ अक्षर भएका चित्रपदा, माणवक, विद्युन्माला, समानिका, प्रमाणिका, गजगति, हंसरूत, नाराचिका आदि छन्दहरू पर्दछन् । प्रतिपाउ आठ अक्षरको हुने हुनाले ‘अनुष्टुप्’ नामको छन्दविशेष पनि यसै वर्गअन्तर्गत पर्दछ । अनुष्टुप्लाई ‘श्लोक‘ पनि भनिन्छ । ‘श्लोक’ शब्द ‘पद्य‘ शब्दको पर्यायवाची शब्दका रूपमा प्रयोग गर्ने व्यावहारिक चलन छ । छन्दविशेषका रूपमा अनुष्टुप् छन्दको शास्त्रीय लक्षण कालिदासले यसरी गरेका छन् - अनुष्टुप्का प्रत्येक पाउको छैटौँ वर्ण गुरु र पाँचौँ वर्ण लघु हुन्छन् तथा द्वितीय र चतुर्थ पाउको सातौँ वर्ण लघु तथा प्रथम र तृतीय पाउको सातौँ वर्ण गुरु हुन्छन् ।[2]

कालिदास र क्षेमेन्द्रको अनुष्टुप्सम्बन्धी शास्त्रीय मान्यता समान र चलनचल्तीमा पनि छ तर शास्त्रीय रूपमै छन्दोमञ्जरीका रचनाकार गङ्डादासद्वारा प्रस्तुत अनुष्टुप्छन्दको लक्षण भिन्न खालको देखिन्छ । कालिदास र क्षेमेन्द्रले अनुष्टुप्का सबै पाउको छैटौँ वर्ण गुरु हुनुपर्ने मान्यता राखेको देखिन्छ । गङ्गादासले चाहिँ दोस्रो र चौथो पाउको छैटौँ वर्ण गुरु हुनुपर्ने तर प्रथम र तृतीय पाउको छैटौँ वर्णका विषयमा कुनै खास नियम नभएकाले गुरु वा लघु, जे भए पनि हुने भन्ने मान्यता राखेको देखिन्छ । यस्तो शास्त्रीय नियम भए पनि सहज श्रव्यता छ भने उक्त नियममा केही तलमाथि भए पनि अनुष्टुप्लाई क्षति गर्दैन भन्ने मान्यता क्षेमेन्द्रले राखेका छन् ।[3]

प्रस्तुत कविता सङ्ग्रह ‘भ्रूण प्रश्न‘मा जम्मा तीनवटा कविताका अठारवटा पद्यमा अनुष्टुप् छन्दको प्रयोग भएको छ । यसका विचार प्रवाह सात, न्यायको आयु छ र ज्ञानमालामा पाँच गरी जम्मा अठारवटा पद्य अनुष्टुप् छन्दका रहेका छन् । उदाहरणका रूपमा केही पद्य निम्नानुसार प्रस्तुत गरिएको छः

नभएरै कुनै आँखा ध्यानले विश्व हेर्दछन्
कोही खोली दुई नेत्र कालो संसार देख्दछन्
कोही बाँच्छ मरेतुल्य कोही मरेर बाँच्तछ

---

१ प्रबन्धः स सुतरां भाति यथास्थान निवेशितैः । निर्दोषैर्गुणसंयुक्तैः सुवृत्तैमौक्तिकैरिव ॥ (सुवृत्तितिलकम्, ३–१ )

२ श्लोके षष्ठं गुरूज्ञेयं सर्वत्र लघु पञ्चमम् । द्विचतुष्पादयोर्ह्रस्वं सप्तमं दीर्घमन्ययोः ॥ (श्रुतबोधः, ६)

३“तत्र लक्ष्यानुसारेण श्रव्यतायाः प्रधानता” (सुवृत्तितिलकम्, १/१५) ।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

धनको मोहमा मान्छे बन्धुबान्धव नास्दछ। (विचार प्रवाह, पृ. ५४)

**इन्द्रवज्रा**

छन्दशास्त्रमा त त ज ग ग गण हुने छन्दलाई इन्द्रवज्रा भनिएको छ।[४]

SS। S S। ।S। SS

त त ज ग ग

इन्द्रवज्रा छन्दका प्रत्येक पाउमा ११ अक्षर हुन्छन्। क्रमशः २ तगण, १ जगण र दुई गुरुवर्ण भएको छन्दलाई इन्द्रवज्रा भनिन्छ। प्रस्तुत कविता सङ्ग्रह 'भ्रूण प्रश्न'मा जम्मा दुईवटा कविताका चौधवटा पद्यमा इन्द्रवज्रा छन्दको प्रयोग भएको छ। प्रस्तुत सङ्ग्रहका युवा र इलाम शीर्षकका कवितामा क्रमश छ र आठ गरी जम्मा चौधवटा पद्य इन्द्रवज्रा छन्दका रहेका छन्। उदाहरणका रूपमा केही पद्य निम्नानुसार प्रस्तुत गरिएको :

SS। SS। ।S। S S

त त ज ग ग

बाधा छिचोली उठ जाग भन्छ
बग्दो नदीले अवरोध फाल्छ
बाँझो गरामा पसिना फिँजाऊ
माटो रमाई सुन फल्न थाल्छ। (युवा, पृ.६७)

यस उदाहरणमा क्रमशः दुई तगण एक जगण र एक गुरु वर्ण एक लघु वर्ण भए पनि "तथा पादान्तगोSपि वा" भन्ने शास्त्रीय नियम भएका कारण यो पद्य इन्द्रवज्रा छन्दको लक्षणअनुसार उपयुक्त उदाहरण हो।

**उपेन्द्रवज्रा**

छन्दशास्त्रमा ज त ज ग ग गण हुने छन्दलाई उपेन्द्रवज्रा छन्द भनिएको छ।[५] एक जगण, एक तगण, एक जगण र दुई गुरुवर्ण भएको ११ अक्षरको यो छन्द तयार हुन्छ। प्रस्तुत कवितासङ्ग्रह 'भ्रूण प्रश्न'मा पखेटाहरूको उडान सात, देशको चित्र छ, बसुन्धरा छ, शरद् छ, म छ, प्रेम २ छ, समर्पण पाँच, आमा, छ, बा छ गरी जम्मा आठवटा कविताका बाउन्नवटा पद्यमा उपेन्द्रवज्रा छन्दको प्रयोग भएको छ। उदाहरणका रूपमा केही पद्य निम्नानुसार प्रस्तुत गरिएको छः

।S। SS । ।S ।S S

म हिड्छु मेरा सब पाइला हौ
म हेर्छु मेरो सविता तिमी हौ
पुजूँ म अन्तै कुन देव धाम
तिमी स्वयं हौ व्रत तीर्थ आमा। (आमा, पृ. १८)

यसमा क्रमशः दुई जगण, एक तगण र दुई गुरुवर्ण गरी ११ वर्ण छन्। त्यसैले प्रस्तुत पद्य उपेन्द्रवज्रा छन्दको उदाहरण बनेको छ।

**उपजाति**

उपेन्द्रवज्रा र इन्द्रवज्राको परस्पर मेलबाट उपजाति नामक छन्द निर्माण हुन्छ। त्यसरी नै अन्य अन्य छन्दहरूको परस्पर मेलबाट अरू पनि छन्द बन्न सक्छन्। प्रस्तुत कवितासङ्ग्रह 'भ्रूण प्रश्न' भित्रका बासनाका सिकारी बिरूद्ध छ, चिता पनि भनिरहेछ छ, गरी जम्मा दुईवटा कविताका बाह्रवटा पद्यमा उपजाति छन्दको प्रयोग भएको छ। उदाहरणका रूपमा केही पद्य निम्नानुसार प्रस्तुत गरिएको छः

---

४ स्यादिन्द्रवज्रा यदि तौ जगौ गः

५ उपेन्द्रवज्रा जतजास्ततौ गौ

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान।*

सन्तान यौटै रजबाट बन्छन्   (इन्द्रवज्रा)
छोरा र छोरी किन भेद गर्छन्  (उपेन्द्रवज्रा)
छोरीहरू हो अधिकार खोज  (इन्द्रवज्रा)
आऊ चितामा अब अग्नि झोस  (इन्द्रवज्रा) (चिता पनि भनिरहेछ, पृ.७१)

**मालिनी**

छन्दशास्त्रमा न  न  म  य  य गण हुने छन्दलाई मालिनी छन्द भनिन्छ। मालिनी छन्दका प्रत्येक चरणमा क्रमशः दुई नगण एउटा मगण र दुई यगण हुने गर्दछन्। १५ अक्षरको यस छन्दमा पहिले आठौँ अक्षरमा त्यसपछिको (सात) पन्ध्रौँ अक्षरमा विश्राम वा यति हुने गर्छ। प्रस्तुत कविता सङ्ग्रह 'भ्रूण प्रश्न' भित्रका ऐनामा देश छ र लेख्न बाँकी छ भानु छ गरी जम्मा दुईवटा कविताका बाहवटा पद्यमा मालिनी छन्दको प्रयोग भएको छ। उदाहरणका रूपमा केही पद्य निम्नानुसार प्रस्तुत गरिएको छः

वरपर सव  बाँझै देखिए खेतबारी
अधर शिशिर जस्तै लाग्छ साह्रै खडेरी
अझ पनि कति हिड्छौ आँसुमा देश छोडी
गहभरि थुनिएका बाबु आमा नहेरी। (ऐनामा देश, पृ. २३)

**मन्दाक्रान्ता**

एक मगण, एक भगण, एक  नगण, दुई तगण त्यसपछि दुई गुरुवर्ण गरी जम्मा सत्र अक्षर भएको यस छन्द अन्तर्गत पहिले चार अक्षरको (अम्बुधि) त्यसपछिका छ अक्षरमा (रस) र अन्तमा सातौं अक्षरमा (नग) अर्थात् सत्रौँ अक्षरमा विश्राम गर्नुपर्छ।[६] प्रस्तुत कविता सङ्ग्रह 'भ्रूण प्रश्न' भित्रका प्रेम १ पाँच  र तिर्सना पाँच  गरी दुईवटा कविताका दश पद्यमा मन्दाक्रान्ता छन्दको प्रयोग भएको छ। उदाहरणका रूपमा निम्न  पद्यलाई प्रस्तुत गरिएको छः

S S S S । । । । । S S । S S । S S
खोला खोल्सा रनवन त्यतै अल्झिएको कहानी
घुर्रा खेल्दै रवि सँगसँगै झुल्किएको बिहानी
खोजी खोजी तरल सपना यौवनाले सजिन्छ
बिर्सूँभन्दा पनि किन उही सम्झना आइदिन्छ ।(प्रेम १,पृ.४९)

यहाँ प्रत्येक पाउमा क्रमशः म, भ, न, त, तगण तथा  दुईवटा  गुरुवर्ण पनि छन्। त्यसैले प्रस्तुत पद्य मन्दाक्रान्ता छन्दको उदाहरण बनेको छ।

**शिखरिणी**

छैटौँ अक्षरमा पहिलो विश्राम गर्नुपर्ने र दोस्रो विश्राम पहिलो विश्राम पछिको रूद्र वा एघारौं अक्षरमा गर्नुपर्ने यस शिखरिणी छन्दमा क्रमशः यगण, मगण, नगण, सगण, भगण, एउटा ह्रस्ववर्ण र एउटा दीर्घवर्ण हुनुपर्छ।[७] भ्रूण प्रश्न कविता सङ्ग्रह भित्रका २ वटा  कविताका ११ पद्यमा शिखरिणी छन्दको प्रयोग भएको छ। जसमा परास्त योद्धा ६, परदेशबाट ५ गरी जम्मा २ वटा कविताका ११ वटा पद्यमा शिखरिणी छन्दको प्रयोग भएको पाइन्छ। उदाहरणका रूपमा निम्न पद्यलाई यसरी प्रस्तुत गरिएको छः

। S S S S S । । । ।  । S  S ।  । । S
म ठान्थेँ झुप्पैमा लहलह झुलोस् मुक्ति जनको
र ठान्थेँ हातैमा थपथप अडोस्  शान्ति  मनको

---

६ मन्दाक्रान्ताSम्बुधिरसनगैर्मो भनौ तौ गयुग्मम्।
७ रसैः रूद्रैश्छिन्ना  यमनसभला गः  शिखरिणी

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान।*

टिपूँला तारा या कि सगर म झारूँ मुलुकमा
अपेक्षा थे अग्ला तर घर फिरेँ शून्य करमा ॥ (परास्त योद्धा, पृ.२)

यहाँ प्रत्येक पाउमा क्रमशः य,म,न,स,भ गण तथा एउटा लघु वर्ण र एउटा गुरुवर्णको प्रयोग भएकाले यो पद्य शिखरिणी छन्दको उदाहरण बनेको छ।

**शार्दूलविक्रीडित**

बाहौं अक्षरमा पहिलो विश्राम हुने त्यसपछिको अश्व– सातौं अक्षरमा विश्राम हुनुपर्ने एवं एउटा मगण, एउटा जगण, दुईवटा सगण र दुईवटा तगण हुने छन्दलाई शार्दूलविक्रीडित भनिन्छ।[८] 'भ्रूण प्रश्न' कवितासङ्ग्रहभित्रका अधिकांश कवितामा शार्दूलविक्रीडित छन्दको प्रयोग भएको देखिन्छ। यस भित्रका भ्रूण प्रश्न ५, आमा बनेको दिन ५, सृष्टिमसी ६, गान्धारीहरूमा ५, अरूणको सङ्कल्प ६, नकाम गृहिणी उवाच ६, नेपाल मेरो घर ५, माटाको प्रश्न ५, माटाको श्वास ५, के छैन नेपालमा ५, परदेश जानेलाई ५, विर्सी जानेलाई ६, वृद्धाश्रमको प्रश्न ५, शिशिर सौन्दर्य ५, अद्र्धाङ्ड ५, राष्ट्रकविप्रति ६, छन्द महिमा ५, वैभव ५, नयाँ वर्ष ५, झुल्क्योस् नयाँ जिन्दगी ५, युग सारथी ५, कर्तव्य ५, युद्धको अवशेष ५ गरी जम्मा बाउन्नवटा कवितामध्ये तेइसवटा कविताका १२० पद्यमा शार्दूलविक्रीडित छन्दको प्रयोग भएको देखिन्छ। निम्न पद्यांशलाई यहाँ उदाहरणका रूपमा प्रस्तुत गरिएको छः

S S S । ।S।S। ।।S SS।SS।S
यो ब्रह्माण्ड कहाँ रहन्छ यसको मासेर मूलै जरा ?
रोक्दैछौ किन जन्मिने पथ यहाँ छोरीहरूकै तर ?
त्रासैत्रास छ भ्रूणमै पनि हरे पाउन्न कि जन्मिनँ ?
छोरी जन्मनु श्राप हो यदि भने संसार कस्को भन ? ( भ्रूण प्रश्न, पृ. १)

**पञ्चचामर**

पञ्चचामर छन्दमा जगण, रगण, जगण, रगण जगण र अन्तिममा एउटा गुरु वर्ण हुन्छन्। यस छन्दमा १६ वटा अक्षर हुन्छन्। पहिलो आठ अक्षर र दोस्रो पनि आठ अक्षरमै विश्राम हुने छन्दलाई पञ्चचामर छन्द भनिन्छ।[९] भ्रूण प्रश्न कवितासङ्ग्रहभित्रका गुरु पाँच, धरौटी प्राण पाँच, राष्ट्रबन्दना पाँच, अभिमान पाँच, अभिलाषा पाँच र अठोट पाँच गरी जम्मा छवटा कविताका ३० वटा पद्यमा पञ्चचामर छन्दको प्रयोग भएको देखिन्छ। निम्न पद्यांशलाई यहाँ उदाहरणका रूपमा प्रस्तुत गरिएको छः

। S। S।S। S ।S। S ।S ।S
प्रदीप्त दीप ज्ञानको भएर बल्न सक्दछौ
कला भरेर विश्व यो हराभरा बनाउछौ
तिमी भएर हाँस्छ यो प्रभात प्रेम प्रेमले
हजार लाख जन्म यो जितेर ज्ञान मार्गले। (गुरु, पृ. १७)

**द्रुतविलम्बित**

प्रत्येक चरणमा बाहअक्षर हुने यस छन्दका प्रत्येक पाउमा क्रमशः न, भ, भ, र गणको प्रयोग हुन्छ।[१०] भ्रूण प्रश्न कविता सङ्ग्रहभित्र शरद् शीर्षकको कविताका छवटा पद्यमा द्रुतविलम्बित छन्दको प्रयोग भएको देखिन्छ। निम्न पद्यांशलाई यहाँ उदाहरणका रूपमा प्रस्तुत गरिएको छः

। । । S ।। S। ।S।।

---

[८] सूर्याश्वैर्मसजस्ततः सगुरवः शार्दूलविक्रीडितम्

[९] जरौ जरौ जगाविदं वदन्ति पञ्चचामरम्

[१०] द्रुतविलम्बितमाह नभौ भरौ

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान।*

विपिन झुल्दछ चाड उदाउँछ
सगर खुल्दछ चाँद सुहाउँछ
मखमली जब फुल्दछ वागमा
सहर यो घर आउँछ चाडमा

यस उदाहरणमा क्रमशः नगण भगण, भगण र एउटा र गणको प्रयोग हुने भएपनि यस पद्यका सुरुका दुई पाउमा भने एउटा नर तीनवटा भगणको प्रयोग भएको छ। तेस्रो र चौथो पाउमा भने न,भ,भ,र गणको उचित प्रयोग भएको छ। यो पद्य द्रुतविलम्बित छन्दको लक्षणअनुसार उपयुक्त देखिन्छ।

**इन्दिरा छन्द**

छैठौं अक्षरमा पहिलो विश्राम हुने त्यसपछिको पाँचौं अक्षरमा विश्राम हुने एवं एउटा नगण र दुईवटा रगण एउटा लघु वर्ण एउटा गुरुवर्ण हुने छन्दलाई इन्दिरा भनिन्छ।[११] भ्रूण प्रश्न कवितासङ्ग्रहभित्रको समय शीर्षकको कविताका छवटा पद्यमा इन्दिरा छन्दको प्रयोग भएको देखिन्छ। निम्न पद्यांशलाई यहाँ उदाहरणका रूपमा प्रस्तुत गरिएको छः

। ।। S । S S । S । S
समय प्रश्न हो के छ उत्तर ?
स मय जत्तिको छैन उत्तर
समयको कथा लेख्न सक्छ को ?
समयको घडा भर्न सक्छ को ? । (समय, पृ. ४०)

**छन्द र विषय/भावको अन्तः सम्बन्ध**

भ्रूण प्रश्न कवितासङ्ग्रहमा शार्दूलविक्रीडित छन्दमा संरचित कविताहरू विभिन्न भाव र विषयका रहेका छन् । नकाम गृहिणी उवाच एउटी गृहिणी नहुँदाको घरको अवस्थाको यथार्थ चित्रण गरिएको छ। चिता पनि भनिरहेछ शीर्षकको कवितामा हाम्रो समाजमा छोरीहरूले आमा बुबाको किरिया गर्नुहुँदैन भन्ने कुराको विरोध गरिएको छ। ऐनामा देश, परदेशबाट, परदेश जानेलाई, बिर्सी जानेलाई, युवा जस्ता कविताहरू रहेका छन्। यी कवितामा राष्ट्रप्रेम समेत झल्किन्छ।

भ्रूण प्रश्न कवितासङ्ग्रहभित्रका कविताको टड्कारो विषय भनेको युवावर्ग विदेशिने प्रवृत्तिको विरोध हो र भण्डाफोर पनि हो। युवा विदेशिने परिपाटीलाई समेत विषय बनाइएको छ। यस खालका कविताहरूमा ऐनामा देश, परदेशबाट, परदेश जानेलाई, बिर्सी जानेलाई, धुँवा, कर्तव्य जस्ता कविताहरू रहेका छन्। यी कवितामा राष्ट्रप्रेम झल्किन्छ। ऐनामा देश कविता प्रतीकात्मक रहेको छ। ऐना आफैंमा एउटा अगाडिको वस्तु जस्ताको त्यस्तै देखाउने वस्तु हो। वर्तमानमा युवाहरू विदेशिँदा खेतबारी सबै बाँझै बनेका छन्। आफ्ना छोराछोरी नहुँदा बुँढा भएका आमाबुबा पर्खिरहेको यथार्थ चित्रण यसमा छ। शिखरिणी छन्दका कवितामा आफ्नो देशको सम्झना गरिएको छ। उपेन्द्रवज्रा छन्दमा प्रकृति चित्रण पाइन्छ। यही विषयवस्तुमा संरचित कविता परदेश जानेलाई हो। सबै युवा विदेशिँदा देशका खेतबारी सबै बाँझै भएको कुरालाई व्यक्त गरिएको छ भने सबै विदेशिँ ँदै जाँदा हाम्रा संस्कार संस्कृतिहरू हराउने पो हुन् कि भन्ने चिन्ता कविमा देखिन्छ। बिर्सी जानेलाई शीर्षकको कविता पनि विदेशी भूमिमा रमाइरहेका युवाहरूलाई लक्षित गरी लेखिएको कविता हो। यसरी संस्कार र संस्कृति सबैले छोड्दै जाने हो भने कसले श्रद्धा राख्छ र ? भन्ने प्रश्न कविमा उठेको देखिन्छ। शार्दूलविक्रीडित छन्दका ६ वटा पद्यमा संरचित कविता अभिधात्मक छ। युवा शीर्षकको कवितामा युवामाथि विश्वास गरिएको छ। युवाले जे पनि गर्न सक्छन् भन्ने भावका साथै युवाबाट सबैले ठूलो आशा गरेको भाव यसमा झल्किन्छ। भ्रूण प्रश्न सङ्ग्रहभित्रको अर्को शशक्त कविता

[११] हि नररालगैरिन्दिरा स्मृता

कर्तव्य हो । युवावर्गलाई आफ्नो कर्तव्यबाट विमुख नहुन आग्रह गरिएको छ । सबै युवा विदेशिदा देशको विकास हुन नसकेको भाव यसमा छ । आफ्ना बुबाआमा र सबैलाई भुलेर आफ्नो कर्तव्यबाट विमुख नहुन युवा वर्गलाई विशेष आग्रह गरिएको छ ।

भ्रूण प्रश्न भित्रका केही कविताहरूमा प्रकृतिको सचित्र वर्णन गरिएको पाइन्छ । नेपालमा प्रकृतिको सन्दर चित्रण गरिएका कविताहरू समेत यसमा सङ्गृहित भएका छन् । इलाम, के छैन नेपालमा ? नेपालको प्रकृतिको सुन्दर चित्रण गरिएको यस कवितामा नेपाली युवाहरू आफ्नो देशमा केही नभए झैं गरी विदेश जाने प्रवृतिको विरोध छ । कस्तुरी मृगले आफ्नै भित्रको सुगन्धलाई नभेटेर वासना खोजे जस्तै हाम्रो देशका युवाहरू के को प्यासले विदेश गएका हुन् भन्ने प्रश्न यसमा गरिएको छ । माटोको श्वास कवितामा प्रकृतिको सुन्दर चित्रण पाइन्छ । शरद कवितामा शरदको प्रकृतिको सुन्दर चित्रण गरिएको छ । शिशिर सौन्दर्य ऋतु वर्णनमा केन्द्रित रहेको छ ।

उनका कतिवामा गुरुको महिमाको गान गरिएको छ । उनको गुरु कवितामा गुरुभक्तिको भाव पाइन्छ । उनका कविता मातृ, पितृ बन्दना पाइन्छ । उनका आमा, बा, वृद्धाश्रमको प्रश्नजस्ता कविताहरू यस खालका छन् । वृद्धाश्रमको प्रश्नले आफ्ना सन्तानका लागि बाबुआमाले के गर्दैनन् । तर पनि वृद्धावस्थामा सन्तान किन यस्ता हुन्छन् भन्ने प्रश्न उठेको छ ।

## निष्कर्ष

'भ्रूण प्रश्न' कवितासङ्ग्रहमा मूलतः राष्ट्रप्रेम र सच्चा राष्ट्रवादी चिन्तनलाई विषयवस्तु बनाइएको छ । यी कवितामा नेपालको सौन्दर्य चित्रण, नेपाली भूभाग मिचिएको प्रति चिन्ता, र अतिक्रमित भूमि फिर्ता लिन देशभक्त नेपालीहरू जुट्नुपर्ने आवश्यकताजस्ता गम्भीर सन्दर्भहरू उठाइएका छन् । यस सङ्ग्रहमा रहेका जम्मा ५२ वटा कविताहरूमा अनुष्टुप्, उपजाति, मालिनी, शिखरिणी, शार्दूलविक्रीडित, पञ्चचामर, मन्दाक्रान्ता, द्रुतविलम्बित र इन्दिरा गरी जम्मा नौवटा शास्त्रीय छन्दहरूको त्रुटिरहित प्रयोग गरिएको छ । सङ्ग्रहका कविताहरूमध्ये सबैभन्दा धेरै २३ वटा कवितामा शार्दूलविक्रीडित छन्दको प्रयोग भएकाले यो नै कविको मुख्य रोजाइको छन्द देखिन्छ र यसै छन्दका माध्यमबाट उनले सशक्त रूपमा राष्ट्रवादको प्रकटीकरण गरेकी छन् । समग्रमा, कुनै पनि छन्दोभङ्ग वा दोष नभएको यस सङ्ग्रहको छन्दोविधान कविताहरूको आन्तरिक तथा बाह्य सौन्दर्य अभिवृद्धि गर्न अत्यन्तै महत्वपूर्ण र सफल रहेको देखिन्छ ।

## सन्दर्भग्रन्थ सूची

आत्रेय, टीका (२०७७), *भ्रूण प्रश्न*, काठमाडौँ: शिखा बुक्स ।

कालिदास (ई. सं. १९६८), *श्रुतबोधः*, क्षेमराज–श्रीकृष्णदास ।

क्षेमेन्द्र (२०२५), *सुवृत्तितिलकम्*, वाराणसी: चौखम्बा संस्कृत सीरिज अफिस ।

गङ्गादास (२०२६), *छन्दोमञ्जरी* (षष्ठ संस्करण), वाराणसी: चौखम्बा संस्कृत सीरिज अफिस ।

घिमिरे. रमेश (२०८१). रत्नावली नाटिकामा छन्दविधान. *शोधसुधा Shodh Sudha*, *1*(1), 114–129. https://doi.org/10.3126/ss.v1i1.59826

न्यौपाने. दीपकप्रसाद (सन् २०२४). भ्रूण प्रश्न कविता सङ्ग्रहका कविताहरूमा लैङ्गिक काव्यमूल्य . *Pragyajyoti*, *5*(8), 106–124. https://doi.org/10.3126/pj.v5i8.73802

प्रसाद, शिवनन्दन (२०२०), *मात्रिक छन्दों का विकास*, बिहार: राष्ट्रभाषा–परिषद् ।

मिश्र, श्रीकिशोर (२०६३), *छन्दशास्त्र का उद्भव एवं विस्तार*, वाराणसी: सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय ।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*